टीकापुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
टीकापुर, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल

आज मिति २०८० असार १८ गतेका दिन टीकापुर नगरपालिकाका प्रमुख श्री राम लाल डगौरा थारुको अध्यक्षतामा बसेको टीकापुर नगर कार्यपालिकाको अठारौ (१८/०७९-८४ ) बैठकको उपस्थिती देहाय बमोजिम रह्यो ।

| क्रसं | पद | नामथर | दस्तखत |
|---|---|---|---|
| १ | नगर प्रमुख | श्री रामलाल डगौरा थारु | |
| २ | नगर उप-प्रमुख | श्री खडक बहादुर शाह | |
| ३ | सदस्य | श्री मोहन लुहार (वि.क.) | |
| ४ | सदस्य | श्री दीपक चौधरी | |
| ५ | सदस्य | श्री ऋषि वि.क. | |
| ६ | सदस्य | श्री लालविर चौधरी | |
| ७ | सदस्य | श्री बलविर थारु | |
| ८ | सदस्य | श्री बलिराम चौधरी | |
| ९ | सदस्य | श्री यज्ञ प्रसाद न्यौपाने | |
| १० | सदस्य | श्री दिर्घ बहादुर ठकुल्ला | |
| ११ | सदस्य | श्री लौटन चौधरी | |
| १२ | सदस्य | श्री सरस्वती तिरुवा | |
| १३ | सदस्य | श्री रुपमती ड. थारु | |
| १४ | सदस्य | श्री कैलास पति चोधरी | |
| १५ | सदस्य | श्री राजरानी चौधरी | |
| १६ | सदस्य | श्री लवरी चौधरी | |
| १७ | सदस्य | श्री दिपक बहादुर निशानी | |
| १८ | सदस्य | श्री मन्जु वि.क | |
| १९ | सदस्य | श्री राम बहादुर नगार्जी | |
| | | | |
| १ | सचिव | प्रमुख प्रशासकीय अधिकृत श्री मंगल बहादुर शाही | |

टीकापुर नगरपालिका, नगर कार्यपालिकाको बैठकको निर्णय
(१८/२०७९-०८४)
मिति २०८० असार १८ गते

विषय सूची :

१. भूमि ब्ववस्थापन सम्बन्धमा ।

२.चालु आ.व.०७९/०८० मा विनियोजित बजेट अपुग हुन गएको तथा कार्यक्रम संचालन सम्बन्धमा ।

३. चालु आर्थिक वर्षको सार्वजनिक सुनुवाई कार्यक्रम सम्बन्धमा ।

४. जनशक्ति/कर्मचारी ब्यवस्थापन सम्बन्धमा ।

५.मौसम पूर्वानुमानमा आधारित विपद पूर्व कार्य अन्तर्गत नगद हस्तान्तरण कार्यक्रम सम्वन्धमा ।

६.भगिनी सम्वन्ध कायम गर्ने सम्वन्धमा ।

७.सर्पदंशको विरामीको उपचार सम्वन्धमा ।

८.सडक मर्मत सम्भार (खाल्डाखुल्डी ) सम्वन्धमा ।

९.अस्थायी क्रसर सम्वन्धमा ।

१०. वडा कार्यालयको प्रशासनिक भवन निर्माण सम्वन्धमा ।

११.वडा नं. १ स्थित टीकापुर अस्पताल अगाडिको शौचालय भत्काउने सम्वन्धमा ।

१२.निशुल्क विज्ञ सम्बन्धमा ।

१३.नगरपालिका क्षेत्रमा आवश्यक कार्यालय/शाखा स्थापना सम्वन्धमा ।

१८ औं कार्यपालिका बैठकको निर्णय

प्रमुख प्रशासकिय अधिकृत

टीकापुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
टीकापुर, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल

निर्णय :-

**निर्णय नं. १** :-यस नगरपालिकामा भूमिहीन दलित,भूमिहीन सुकुम्वासी र अव्यवस्थित वसोवासीको व्यवस्थापन सम्बन्धी कार्यको प्रगती अवस्था सम्वन्धमा समीक्षा गरियो । साथै कार्यलाई शिघ्र रुपमा अगाडि बढाउने सम्बन्धमा थप निम्नानुसार कार्य गर्ने ।

क) नगरपालिकाको भूमि व्यवस्थापन सँग सम्वन्धित कार्यको नियमित रुपमा प्रगती पेश गर्ने ।

ख) भूमिको प्रकृति र क्षेत्र वर्गिकरण नगरेका वडाहरुले यथाशिघ्र वर्गिकरण गर्ने र सबै वडाले कार्य शिघ्र रुपमा अगाडि बढाउने ।

ग)भूमिहीन दलित,भूमिहीन सुकुम्वासी र अव्यवस्थित वसोवासी सम्वन्धी लगत संकलन कार्यविधि,२०७८ मा व्यवस्था भए बमोजिम सम्बन्धित कार्यविधिको दफा ६ (२) मा भएको व्यवस्था बमोजिम ग्रामिण क्षेत्र, शहरी क्षेत्र र शहरोन्मुख क्षेत्र निर्धारण गर्न साथै जग्गाको प्रकृति (अनुसूची ३ र ४ को बुंदा नं. ८ मा उल्लेख गरिए बमोजिमको प्रकृति) विभाजन गर्ने सम्वन्धमा तपसिल वमोजिमको वडावाट पेश भए बमोजिम निम्नानुसार जग्गाको प्रकृति र क्षेत्र निर्धारण गर्ने ।

तपसिल

| क.सं. | जग्गा रहेको स्थान | जग्गाको क्षेत्र | | | कैफियत |
|---|---|---|---|---|---|
| वडा नं. ५ | | | | | |
| | | शहरी क्षेत्र | शहरोन्मुख क्षेत्र | ग्रामिण क्षेत्र | |
| ६. | सिम्रेनी | | | नगरपालिकाको (ग्रामिण क्षेत्र) | |
| ६. | सिम्रेनी | | | नगरपालिकाको (ग्रामिण क्षेत्र) | |
| ७ | दक्षिण शाहीपुर | | | नगरपालिकाको (ग्रामिण क्षेत्र) | |
| ८. | उत्तर शाहीपुर | | | नगरपालिकाको (ग्रामिण क्षेत्र) | |
| ९. | कर्मीडाँडा | | | नगरपालिकाको (ग्रामिण क्षेत्र) | |

प्रमुख प्रशासकिय अधिकृत

टीकापुर नगरपालिका नगर कार्यपालिकाको कार्यालय टीकापुर, कैलाली सुदूरपश्चिम प्रदेश, नेपाल

| | | | | | |
|---|---|---|---|---|---|
| १०. | नुक्लीपुर | | नगरपालिकाको ( सहरोन्मुख क्षेत्र) | | |
| ११. | वंगलापुर | | नगरपालिकाको ( सहरोन्मुख क्षेत्र) | | |
| १२. | उर्दीपुर | | नगरपालिकाको ( सहरोन्मुख क्षेत्र) | | |
| १३. | बुट्कौवा | | | नगरपालिकाको (ग्रामिण क्षेत्र) | |
| १४. | डोङपुर | | | नगरपालिकाको (ग्रामिण क्षेत्र) | |
| १५. | झंझटपुर | | | नगरपालिकाको (ग्रामिण क्षेत्र) | |
| १६. | मनिकापुर | | | नगरपालिकाको (ग्रामिण क्षेत्र) | |
| १७. | वसन्ता | | | नगरपालिकाको (ग्रामिण क्षेत्र) | |
| १८. | पहाडीपुर | | | नगरपालिकाको (ग्रामिण क्षेत्र) | |
| १९. | नयाँ टीकापुर | | नगरपालिकाको ( सहरोन्मुख क्षेत्र) | | |
| २०. | भगरैया | | नगरपालिकाको ( सहरोन्मुख क्षेत्र) | | |
| | | | | | |
| | | | वडा नं. ६ | | |
| | | शहरी क्षेत्र | शहरोन्मुख क्षेत्र | ग्रामिण क्षेत्र | |
| २१. | टीकापुर खक्रौला सडकसंग जोडिएका सवै जग्गाहरु | | नगरपालिकाको ( सहरोन्मुख क्षेत्र) | | |

१८औं कार्यपालिका बैठकको निर्णय

प्रमुख प्रशासकिय अधिकृत

नगरपालिकाको कार्यालय
टीकापुर, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल

| | | | | | |
|---|---|---|---|---|---|
| २२. | बाँकी सम्पुर्ण जग्गाहरु | | | नगरपालिकाको (ग्रामिण क्षेत्र) | |

जग्गाको प्रकृतिः

| क्र.सं. | जग्गा रहेको स्थान | जग्गाको प्रकृति | कैफियत |
|---|---|---|---|
| | | वडा नं. ५ | |
| ११. | सिम्रेनी | ऐलानी प्रति जग्गा, | |
| १२. | दक्षिण शाहीपुर | ऐलानी प्रति जग्गा, वन जंगल | |
| १३. | उत्तर शाहीपुर | ऐलानी प्रति जग्गा | |
| १४. | कर्मीडाँडा | ऐलानी प्रति जग्गा | |
| १५. | नुक्लीपुर | ऐलानी प्रति जग्गा, बाटो | |
| १६. | वंगलापुर | ऐलानी प्रति जग्गा, बाटो | |
| १७. | उर्दीपुर | ऐलानी प्रति जग्गा, बाटो | |
| १८. | वुट्कौवा | ऐलानी प्रति जग्गा, बाटो | |
| १९. | डोङपुर | ऐलानी प्रति जग्गा, बाटो | |
| २०. | झंझटपुर | ऐलानी प्रति जग्गा, बाटो | |
| २१. | मनिकापुर | ऐलानी प्रति जग्गा, बाटो | |
| २२. | वसन्ता | ऐलानी प्रति जग्गा, बाटो | |
| २३. | पहाडीपुर | ऐलानी प्रति जग्गा, बाटो | |
| २४. | नयाँ टीकापुर | ऐलानी प्रति जग्गा, बाटो | |
| २५. | भगरैया | ऐलानी प्रति जग्गा, बाटो | |

प्रमुख प्रशासकिय अधिकृत

टीकापुर नगरपालिका नगर कार्यपालिकाको कार्यालय टीकापुर, कैलाली सुदूरपश्चिम प्रदेश, नेपाल

| वडा नं. ६ | | | |
|---|---|---|---|
| १. | सिम्रेनी | साविकको वन क्षेत्र जनिएको भए पनि आवादीमा परिणत भएको जग्गा | |
| २. | लछिनापुर | आवाद लायक वा बसोवास योग्य ऐलानी जग्गा, सडक सीमाभित्रका जग्गा | |
| ३. | नारायणपुर | आवाद लायक वा बसोवास योग्य ऐलानी जग्गा, सडक सीमा भित्रका जग्गा | |
| ४. | मिलनपुर | साविकको वन क्षेत्र जनिएको भएपनि आवादीमा परिणत भएको जग्गा | |
| ५. | ओखरपुर | सडक सीमाभित्रका जग्गा | |
| ६. | आम्वासा | पर्ती, नदी उकास लगायतका बसोवास वा खेतीयोग्य अन्य सरकारी जग्गा | |
| ७. | वेलुवावोभी | पर्ती, नदी उकास लगायतका बसोवास वा खेतीयोग्य अन्य सरकारी जग्गा | |
| ८. | भगवानपुर | आवाद लायक वा बसोवासयोग्य ऐलानी जग्गा | |
| ९. | भर्तापुर | आवाद लायक वा बसोवासयोग्य ऐलानी जग्गा, साविकको वन क्षेत्र जनिएको भएपनि आवादीमा परिणत भएको जग्गा | |
| १०. | प्रसेनी | आवाद लायक वा बसोवासयोग्य ऐलानी जग्गा | |

१८ औं कार्यपालिका बैठकको निर्णय

निर्णय नं.२ :- क) यस नगरपालिकाको चालु आ.व.०७९/०८० का लागि स्वीककृत बजेट तथा कार्यक्रममा देहाय बमोजिमका शिर्षक तथा कार्यक्रममा विनियोजित बजेट रकम अपुग हुन गएको हुँदा तपसिल वमोजिमको शिर्षकबाट खर्च उल्लेख गर्ने ।

तपसिल :

| क्रसं. | आयोजना तथा कार्यक्रमको नाम | अपुग बजेट | बजेट ब्यहोरिने शिर्षक | कैफियत |
|---|---|---|---|---|

प्रमुख प्रशासकिय अधिकृत

टीकापुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
टीकापुर, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल

| | | | | |
|---|---|---|---|---|
| १ | विद्युत महशुल | ६,००,००० | पानी तथा विद्युत महशुल | |
| २ | हाम्री छोरी प्यारी छोरी | २,००,००० | वाल श्रम न्यूनिकरणका लागि वाल श्रमिकका परिवारका सदस्यहरुको लागि आय आर्जनमूलक तालिम | |
| ३ | रत्न सन्न्याल स्मृति छात्रावास निर्माण | २,१०,००० | सवारी साधन तथा मेशनरी औजार भाडा | |
| ४ | सूचना तथा संचार | ५,००,०००। | सूचना तथा संचार प्रशारण | |
| ५ | योजनाहरुको प्रगती प्रकासन तथा प्रशारण | १,७५,५००। | योजनाहरुको प्रगती प्रकासन तथा प्रशारणमा वचत रकमवाट | हाम्रो पत्र डट कम |
| ६ | सूचनाको हक सम्बन्धी जनप्रतिनिधी तथा कर्मचारीहरुका लागि क्षमता विकास कार्यक्रम | २,००,०००। | सेवा तथा परामर्श | पत्रकार महासंघ |
| ७ | मेशनरी औजार मर्मत सम्भार तथा संचालन खर्च | ५,००,०००। | मशलन्द तथा कार्यालय संचालन खर्च | |
| ८ | स्थानीय स्तरमा माछाका भुरा उत्पादन कार्यक्रम | १,५०,००० | नगर प्रोफाइलका आधारमा विपन्न नागरिकहरुको जिविकोपार्जनमा सुधार ल्याउन वडा कार्यालय , विषयगत कार्यालय , गैर सरकारी संघसंस्थाको तथ्याक संकलन गर्नुका साथै साथै स्थलगत रुपमा अद्यावधिक कार्यक्रम | |
| ९ | निशुल्क रक्त संचार सेवा कार्यक्रम | ३,००,०००। | आमा संग उपमेयर कार्यक्रम( सुत्केरी आमालाई पोषण) | |
| | जम्मा | २६,८५,५००। | | |

ख) यस नगरपालिकाको १४ औं कार्यपालिका वैठकको निर्णय नं. ३ (क) को बुंदा नं. २ मा उल्लेखित योजनाको शिर्षक फरक पर्न गएकोमा तपसिल वमोजिम संशोधन गर्ने ।

| क्र.सं. | स्वीकृत आयोजना तथा कार्यक्रमको नाम | ठेगाना | रकम | संशोधन पश्चात कायम हुने योजना तथा कार्यक्रमको नाम | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |

प्रमुख प्रशासकिय अधिकृत

टीकापुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
टीकापुर, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल

| | | | | | |
|---|---|---|---|---|---|
| १ | वडा नं. ६ स्थित प्रसेनी जन जागृति ग्रामिण विद्युत सहकारी संस्था लिमिटेड भगवानपुरको कार्यालय भवन निर्माण | वडा नं. ६, टी.न.पा | ३,४०,००० | वडा नं. ६ स्थित प्रशेनी जनजागृति ग्रामिण विद्युत सहकारी संस्था लिमिटेड भगवानपुरको कार्यालय फर्निचर खरिद, फल्स सिलिङ्ग र पेटी निर्माण | |

ग) वैदेशिक रोजगार बोर्डको सचिवालय र यस नगरपालिका वीच पुन: एकीकरण कार्यक्रम संचालनका लागि गरिएको सम्झौता वमोजिम कार्यक्रम संचालन गर्ने समयावधि २०८० असार १५ गते सम्म रहेकोमा उक्त समयावधि २०८० असार २२ गते सम्म थप गर्ने ।

निर्णय नं. ३ :-चालु आ.व.०७९/०८० मा यस टीकापुर नगरपालिका र अन्तर्गतका वडा कार्यालयहरुवाट नागरिकहरुलाई प्रदान गरिएको सेवा,संचालन गरिएका कार्यक्रम र विकास निर्माण सम्वन्धी योजनाहरुको वार्षिक सार्वजनिक सुनुवाई कार्यक्रम यहि मिति २०८० असार २९ गते ,कार्यपालिकाको कार्यालयको परिसरमा गर्ने गरी तय गरियो साथै उक्त सार्वजनिक सुनुवाई कार्यक्रममा सम्पूर्ण वडा अध्यक्ष तथा कार्यपालिका सदस्यहरु अनिवार्य उपस्थित हुने र कार्यालयका कार्यालयका सम्पूर्ण शाखा/उपशाखा/इकाईहरुलाई प्रतिवेदन सहित उपस्थित हुन कार्यपालिका कार्यालयलाई निर्देशन दिने ।

निर्णय नं. ४ : आगामी आ.व. ०८०/०८१ का लागि यस नगरपालिकाको कर्मचारी व्यवस्थापन सम्वन्धमा तपसिल वमोजिम गर्ने ।

क) यस नगरपालिकाको संगठन तथा व्यवस्थापन सुधारका लागि सर्भेक्षण कार्य नभए सम्मका लागि चालु आ.व. २०७९/०८० को लागि स्वीकृत अन्तरिम सँगठन संरचना र दरवन्दि तेरिज आगामी आ.व. ०८०/०८१ का लागि कायम राख्ने ।

ख) जनसंख्या धेरै भई कार्यचाप समेत रहेका वडाको हकमा अधिकृत स्तरको कर्मचारी खटाई सेवा प्रवाहलाई थप व्यवस्थित गर्ने ।

ग) यस नगरपालिकाको तपसिल वमोजिमको पदमा करार सेवा वाट पदपूर्ति गर्नका लागि प्रक्रिया अगाडि बढाउने ।

| क्र. सं. | पद | संख्या | कैफियत |
|---|---|---|---|
| १ | सूचना प्रविधि अधिकृत | १ | |
| २ | समाज परिचालक | २ | |
| ३ | कार्यालय सहयोगी | १ | वडा नं. ५, |

प्रमुख प्रशासकिय अधिकृत

नगरपालिकाको कार्यालय
टीकापुर, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल

घ) सामुदायिक औलो स्वास्थ्य कार्यक्रम अन्तरगत करार सेवामा ल्याव असिस्टेन्ट, चौथो तहमा कार्यरत कर्मचारीहरुलाई आगामी आ.व. ०८०/०८१ मा नगरपालिकाको आन्तरिक श्रोतबाट व्यहोर्ने गरी वडा नं. ४ को शहरी स्वास्थ्य केन्द्र र ज्योती नगर सहरी स्वास्थ्य प्रवर्द्धन केन्द्रमा कामकाज लगाउने ।

ङ) कार्यालयको आवश्यकताको आधारमा विगत लामो समय देखि ईलेक्ट्रिसियन (प्राविधिक) श्रेणी विहिन पदमा मासिक ज्यालादारीमा कार्यरत कर्मचारीलाई आगामी आ.व. ०८०/०८१ देखि करार सेवा अन्तरगत निरन्तरता प्रदान गर्ने ।

च) यस नगरपालिका अन्तर्गत करारमा कार्यरत कर्मचारी र सशर्त कार्यक्रम अन्तर्गत यस अघी करारमा रहेका कर्मचारीलाई अर्को व्यवस्था नभए सम्मका लागि साविकमा उल्लेखित सेवा सुविधा उपलब्ध हुने गरी आगामी आ.व.२०८०/०८१ का लागि ३ (तीन) महिनाको लागि करार अवधि थप गर्ने र उक्त करार अवधि निरन्तरता दिने वा नदिने सम्वन्धमा निजको कार्य सम्पादन हेरी कार्यपालिकाले निर्णय गर्ने ।

छ) नेपाल सरकारको स्वीकृत कार्यक्रम तथा आयोजना अन्तर्गत यस नगरपालिकामा आवश्यक प्रक्रिया पुरा गरी संचालित कार्यक्रम तथा आयोजना अन्तरगत करारमा कार्यरत कर्मचारीहरुको अर्को व्यवस्था नभए सम्म करार सेवालाई आ.व. २०८०/०८१ मा निरन्तरता प्रदान गर्ने ।

**निर्णय नं ५:-** टीकापुर नगरपालिका बाढीबाट उच्च जोखिममा रहेको र टीकापुर नगरपालिकामा STORNG in DRM परियोजनाले कर्णाली नदी तटीय क्षेत्रमा पर्ने वडा (२, ५, ६, ७ र ८) मा मौसम पूर्वानुमानमा आधारित विपद पूर्व कार्य अन्तर्गत नगद हस्तान्तरण कार्यक्रम संचालन गरिने हुँदा उक्त वडाका सवैभन्दा वढी जोखिममा रहेको वर्ग अपांगता समुह (क देखि घ वर्ग) र सुनौलो १००० दिने समुहलाई पहिलो प्राथमिकतामा राखि नगद हस्तान्तरण कार्यक्रम संचालन गर्ने र उक्त कार्यक्रमको लागि जल तथा मौसम विज्ञान विभागको मापन केन्द्रलाई आधार मानी ट्रिगरको आधारमा नगद हस्तान्तरण कार्य अगाडी वढाउन अनुमति प्रदान गर्ने साथै अन्य वडाका हकमा अन्य संघ संस्थासँग समन्वय गरी कार्य अगाडी वढाउने निर्णय गरियो ।

**निर्णय नं. ६ :-** यस टीकापुर नगरपालिका र भारतको इन्दौर, मध्य प्रदेशको ईदौर नगर निगम ( INDORE MUNICIPAL CORPORATION) बीच आर्थिक , सामाजिक, सांस्कृतिक क्षेत्रको विस्तार एवं प्रवर्द्धनका लागि भगिनी सम्वन्ध कायम गर्ने र सो का लागि आवश्यक प्रक्रिया अगाडि वढाउने ।

**निर्णय न. ७ :-** सर्पदंशको विरामीहरुको उपचारका लागि विपद् व्यवस्थापन कोषबाट आर्थिक सहयोग/राहत प्रदान गर्ने सम्वन्धमा मापदण्ड तयार गरी पेश गर्न नगर स्तरिय विपद् व्यवस्थापन समितिलाई निर्देशन दिने ।

प्रमुख प्रशासकिय अधिकृत

नगरपालिकाको कार्यालय
टीकापुर, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल

निर्णय नं. ८ :- वर्षाको मौसम शुरु भए सँगै सडकमा पर्न गएका खाल्डाखुल्डिले सडकलाई थप क्षति गर्ने र सवारी साधन तथा नागरिकहरुको (विशेष गरी वालवालिकाहरुको )आवागमनमा थप असहजता हुन जाने देखिएको हुँदा प्राविधिक कर्मचारीले नगरपालिकाको सवै वडा सँग अनिवार्य रुपमा समन्वय गरी आगामी कार्यपालिका बैठकमा लागत ईष्टिमेट पेश गर्न कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने ।

निर्णय न.९ :- यस नगरपालिका क्षेत्रमा अस्थायी क्रसर स्थापनाका लागि अनुमति माग भई आएको सम्वन्धमा नियमानुसार अस्थायी क्रसर स्थापनाका लागि सम्वन्धित निकायमा सिफारिस गरी पठाउने ।

निर्णय नं. १० :- यस नगरपालिकाको वडा नं. १ को वडा कार्यालयको प्रशासनिक भवनका लागि वडा नं. १ ब्लक नं. ए स्थित नगरपालिकाको स्वामित्वमा रहेको इन्डोर मार्केट रहेको स्थानमा निर्माण कार्य गर्ने गरी कार्य अगाडि बढाउने ।

निर्णय नं. ११ :-वडा नं. १ स्थित टीकापुर अस्पतालको गेटको दक्षिण तर्फ रहेको सार्वजनिक शौचालयका कारण सडक पेटीमा आवातजावत गर्न असर पर्न गएको हुँदा उक्त शौचालयको सडक पेटीको लागि आवश्यक रहेको हिस्सा / भाग भत्काउने ।

निर्णय नं. १२ :-नगरपालिकाको विभिन्न विषयगत विषयमा आवश्यक पर्ने परामर्श सेवा प्रदान गर्न कुनै पनि आर्थिक दायित्व सिर्जना नहुने गरी विज्ञको व्यवस्था गर्ने ।

निर्णय नं. १३ :- यस नगरपालिका क्षेत्रको विकास सँग जोडिएका र अति आवश्यक आवश्यकताका रुपमा महशुष गरिएका तपसिल वमोजिमको कार्यालयहरुको शाखा/इकाई यस नगरपालिका क्षेत्रमा स्थापनका लागि सम्वन्धित निकायमा सिफारिस सहित अनुरोध गर्ने ।

तपसिल :

| क्र.सं. | आवश्यक रहेको कार्यालय/शाखाको विवरण | कैफियत |
|---|---|---|
| १ | नेपाल आयल निगम लिमिटेडको ईन्धन डिपो स्थापना | ईन्धन डिपो नरहेको |
| २ | कृषि अनुसन्धान परिषद्को कार्यालय/शाखा स्थापना | सुदूर पश्चिम प्रदेश स्तरीयका लागि समेत भौतिक पूर्वाधारका लागि आवश्यक पर्ने जग्गा रहेको |
| ३ | प्लान्ट क्वारेन्टाईन तथा पशु क्वारेन्टाईन पून : स्थापना | हाल सन्चालनमा नरहेको |
| | | |

प्रमुख प्रशासकिय अधिकृत

टीकापुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
टीकापुर, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल